# माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४२ औं                                                                 मिति : २०८१/०८/११

आज मिति २०८१ साल मंसिर ११ गते मंगलबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्बाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण वहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्ष्मन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री दिलशेर राई | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | श्री मनिमा भट्टराई | प्रशासन प्रमुख | | |
| १७ | | | | |
| १८ | | | | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इभाङ, इलाम

**बैठक संख्या : ४२ औं** **मिति : २०८१/०८/११**

---

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. १ :** मिति : २०८१ कार्तिक २६ गते भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

गजुरमुखी विल्डर्स एण्ड सप्लायर्स लाई 'घ' वर्गको इजाजतपत्र प्रदान गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

गजुरमुखी विल्डर्स एण्ड सप्लायर्स प्रा.लि माङसेबुङ २ ले 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनी दिएको निवेदनको सम्वन्धमा छलफल हुँदा माङसेबुङ गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७६ बमोजिमको सम्पूर्ण प्रकृया पूरा भई आएको र 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र जाँचबुझ समितिबाट समेत सिफारिस भई आएको हुँदा गजुरमुखी विल्डर्स एण्ड सप्लायर्स प्रा.लि माङसेबुङ २ लाई 'घ' वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

प्रधानमंत्री रोजगार कार्यक्रमको बजेट बाँडफाँड गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

प्रधानमनत्री रोगार कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट प्राप्त बजेट रु २०,२२,००० ।- लाई प्रति वडा रु ३,३७,००० ।- का दरले बाँडफाँड गर्ने र सबै वडाले उक्त बजेट बराबरको कार्यक्रम छनौट गरी पेश गर्ने निर्णय भयो ।

साथै आइ.डि.ए तर्फको बजेट रु २६,७२,००० ।- मध्ये १३,३६,००० ।- बाट **युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७९** बमोजिम ४० जनाको लागि संचालन गरिने तालिमको लागि सूचिकृत व्यक्तिहरु मध्येबाट निम्न बमोजिम सहभागी छनौट गर्ने निर्णय गरियो ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

१) वडा नं. १ र ५ बाट प्रति वडा ६ जना र यसको लागि आवश्यक बजेट प्रति वडा २,००,४०० ।- का दरले जम्मा रु ४,००,८०० ।-

२) वडा नं. २,३,४ र ६ बाट प्रतिवडा ७ जना र यसको लागि आवश्यक बजेट प्रति वडा २,३३,८०० ।- का दरले जम्मा रु ९,३५,२०० ।-

यसपछि बाँकी रहेको १३,३६,००० ।- लाई निम्न बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

१) वडा नं. १ र ५ लाई प्रतिवडा २,००,४०० ।- का दरले जम्मा रु ४,००,८०० ।-

२) वडा नं. २,३,४ र ६ लाई प्रतिवडा रु २,३३,८०० ।- का दरले जम्मा रु ९,३५,२०० ।-

**प्रस्ताव नं. ५**

अकबरे खुर्सानी पकेट विकास कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५**

संघीय सरकारबाट हस्तानतरित ( सशर्त अनुदान ) कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा प्राप्त अकबरे खुर्सानी पकेट विकास कार्यक्रमलाई ३ वटा पकेटमा संचालन गर्ने गरी प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

कफि खेती प्रवर्द्दन कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६**

कोशी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदान ) अन्तर्गत कफि खेती प्रवर्द्दन कार्यक्रमलाई ५० प्रतिशत लागत साझदारीमा ३ वटा पकेटमा संचालन गर्ने गरी प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

मोरिङ्गा चिया पाउडर प्रवर्द्दन कार्यक्रम संचालन सम्वन्धमा ।

**निर्णय नं. ७**

कोशी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदान ) अन्तर्गत यस गाउँपालिकामा प्राप्त मोरिङ्गा चिया पाउडर प्रवर्द्दन कार्यक्रममा ३० प्रतिशत लागत साझदारी गर्ने गरी कार्यक्रम संचालनको लागि प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८**

रैथाने बाली प्रवर्द्दन कार्यक्रम संचालन सम्वन्धमा ।

**निर्णय नं. ८**

कोशी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदान ) अन्तर्गत रैथाने बाली प्रवर्द्दन कार्यक्रमको लागि रु २०,००,००० ।- बजेट विनियोजन भएकोमा उक्त बजेट मध्ये रु १५,००,००० ।- बाट ५० प्रतिशत लागत साझेदारीमा यस गाउँपालिकामा उत्पादन हुने पहेली मासको दालको ब्राण्डिङ सम्बन्धी काम गर्ने र त्यसको लागि प्रस्ताव माग गर्ने र बाँकी रु ५,००,००० ।- बाट यस गाउँपालिका क्षेत्रमा उत्पादन हुने रैथाने वालीहरुको उत्पादन तथा ब्राण्डिङको लागि आवश्यक ज्ञान सीप सम्वन्धी तालिम संचालन गर्ने निर्णय गरियो ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधि

**प्रस्ताव नं. ९**

माङसेबुङ गाउँपालिकाको विभिन्न कार्य विधिहरु पारीत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ९**

माङसेबुङ गाउँपालिकाको निम्न लिखित कार्यविधिहरु पारीत गर्ने निर्णय गरियो ।

१) माङसेबुङ गाउँपालिकाको कफी खेती प्रवर्द्दन कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०८१

२) माङसेबुङ गाउँपालिकाको रैथाने वाली प्रवर्द्दन कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०८१

३) माङसेबुङ गाउँपालिकाका मोरिङगा चिया पाउडर प्रवर्द्दन कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०८१

**प्रस्ताव नं. १0**

स्वास्थ्य बीमा सम्वन्धी जनगुनासो समाधान गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

स्वास्थ्य बीमा सम्वन्धमा गाउँपालिका भित्र जनगुनासो देखा परेकोले सो गुनासोलाई सम्वोधन गर्न गाउँपालिबाट समिति गठन गरिएकोमा हाल सम्मपनि उक्त समितिको प्रतिवेदन प्रप्त नभएकोले २०८१ मंसिर २५ गते भित्र प्रतिवेदा पेश गर्न लगाउने र सो बमोजिम आवश्यक कार्यवाहि अगाडि वढाउर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना तथा संचालन सम्वन्धी प्रस्ताव आव्हान गर्ने सम्वन्धमा ।

**निर्णय नं. ११**

चालु आ.व. मा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयको सशर्त अनुदान अर्न्तगत साझा सुविधा केन्द्र(उद्यम घर) स्थापना तथा संचालनको लागि रु ५,००,०००। बजेट विनियोजन भई आएकोले उक्त वजेटवाट माङसेवुङ गाउँपालिकाको साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन तथा स्थापना कार्यविधि २०७८ बमोजिम साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना तथा संचालनको लागि प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२**

गाउँ शिक्षा योजना निर्माण समिति गठन सम्वन्धमा ।

**निर्णय नं. १२**

माङसेबुङ गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१।०८।११ गते बसेको बैठकवाट चालू आ.व. ०८१।८२ भित्रै माङसेबुङ गाउँपालिकाको १० वर्षीय गाउँ शिक्षा योजना निर्माण गर्ने निर्णय भएको र सो बमोजिम गाउँ शिक्षा योजना निर्माणको लागि तपशिल बमोजिमको गाउँ शिक्षा योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१) गाउँपालिका अध्यक्ष श्री हेमन्त राई- संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत श्री दिलशेर राई- सदस्य

दिलशेर राई
प्रमुख प्रशासकीय अधि...

५) शिक्षा शाखा प्रमुख श्री बुद्दिप्रसाद खतिवर्डा- सदस्य सचिव

माङसेबुङ गाउँ कार्यपालिकाको का... इभाङ, इलाम

**प्रस्ताव नं. १३**

माङसेबुङ इशाई एकता समाजलाई रकम उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. १३**

माङसेबुङ इशाई एकता समाजको मिति २०८१।०८।१० प.सं. ०८१।८२ च.नं. ३ को पत्रबाट इशाई समुदायको पर्व ख्रीष्टमसको अवसरमा शुभकामना आदन-प्रदान कार्यक्रमको लागि बजेट माग भई आएकोमा उक्त कार्यक्रको लागि बिबिध कार्यक्रम खर्च शीर्षकबाट रु १,००,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४**

कार्यविधि, मापदण्ड र निर्देशिकाहरुको संशोधन सम्बन्धमा ।

**निर्णय नं. १४**

माङसेबुङ गाउँपालिकाले निर्माण गरेका विभिन्न कार्यविधि, मापदण्ड र निर्देशिकाहरु संशोधन गरी अद्यावधिक गर्नुपर्ने देखिएकोले अध्ययन गरी आवश्यकता अनुसार संशोधन गरी समयानुकूल अद्यावधिक गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५**

युवा तथा खेलकुद कार्यक्रम अन्तर्गतको बजेट बाँडफाँड गर्ने सम्वन्धमा ।

**निर्णय नं. १५**

चालू आ.व. ०८१।८२ मा युवा तथा खेलकुद कार्यक्रम शीर्षकमा विनियोजित रु १०,००,००० मध्ये बाट हाल्लाई निम्न बमोजिम बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

१) आत्मानन्द गोल्डकप प्रतियोगिता - रु १,५०,००० ।

२) पवित्रहाङमा गोल्डकप प्रतियोगिता - रु १,५०,००० ।

३) फाल्गुनन्द सालिक भञ्जयाङ शरसफाई - रु १,००,००० ।

साथै आत्मानन्द गोल्डकप प्रतियोगिता र पवित्रहाङमा गोल्डकप प्रतियोगितामा गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरुको टिम समेत सहभागी हुने कार्यक्रम रहेको हुँदा प्रतियोगितामा सहभागी हुनुहुने जनप्रतिनिधिहरुको लागि १५ थान जर्सि, १५ जोर मोजा र गोलकिपरको लागि एक थान किपिङ सेट समेत यहि शीर्षकबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो । साथै सोहीखेलमा गाउँपालिकाको तर्फबाट सहभागि हुने अन्य खेलाडीलाई समेत १५ थान जर्सी,१५ जोर मोजा र गोलकिपरको लागि एक थान किपिङ सेट समेत उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६**

चिसापानी सवस्टेशन जाने बाटो मर्मतको लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १६**

यस गाउँपालिकाको वडा नं. ६ स्थित मूलबाटो देखि चिसापानी सवस्टेशनको कार्यालय सम्म पुग्ने बाटो मर्मतको लागि रकम माग भई आएको हुँदा उक्त बाटो मर्मतको लागि लागतअनुमान तयार गरी लागत अनुमान बमोजिमको रकम मर्मत संभार कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७**

दीर्घरोगीहरुलाई उपलब्ध गराउनु पर्ने छुट भएको रकम उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. १७**

माङसेबुङ गाउँपालिका वडा नं.३ को वडा कार्यालयको मिति २०८१।०८।११ , च.नं. ३८८ को पत्रबाट २०८० बैशाख देखि असार सम्मको जटिल रोग लागेका निम्न लिखित दीर्घरोगी बिरामीहरुलाई प्रदान गरिने रकम माग गर्न छुट भएकोले सो रकम उपलब्ध गराइदिन माग भई आएको हुँदा माग भई आएबमोजिम बिरामी सहायता ( सोधभर्ना हुने ) शीर्षकबाट उक्त सहयाता रकम उपलब्ध गराउने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सोधभर्ना माग गर्ने निर्णय गरियो ।

१) तिर्थ बहादुर लिम्बू - रु १५,००० ।

२) श्याम कुमारी राई - रु १५,००० ।

३) फुल कुमारी राई - रु १५,००० ।

४) याम माया राई - रु १५,००० ।

५) लिलादेवी मगर - रु १५,००० ।

**जम्मा - रु ७५,००० ।**

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : [illegible]शेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

**प्रस्ताव नं. १८**

सडक बोर्ड नेपालबाट प्राप्त हुने रु २०,००,०००।- बाट मर्मत संभार गरिने सडकहरुको छनौट गर्ने सम्वन्धमा ।

**निर्णय नं. १८**

सडक बोर्ड नेपालबाट मिति २०८१।०६।१३ प.सं.०८१।८२ च.नं.४३९ को पत्रबाट चालू आ.ब. ०८१।८२ मा यस माङसेबुङ गाउँपालिका अन्तर्गतका सडकहरु मर्मत संभारको लागि रु २०,००,००० स्वीकृत भएको जानकारी प्राप्त भएको र सडक बोर्डबाट प्राप्त हुने उक्त रकम रु २०,००,००० ।- मा यस गाउँपालिका बाट २० प्रतिशत ले हुन आउने रु ५,००,०००।- लागत साझेदारी गर्ने गरी यस गाउँपालिका अन्तर्गतका निम्न बमोजिमका सडकहरु मर्मत संभारको लागि छनौट गरी सहमतिको लागि सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

**निम्न :**

| क्र.सं. | सडकको नाम | कूल बजेट | गाउँपालिकाको समपूरक कोषबाट व्यहोरिने बजेट | सडक बोर्ड बाट प्राप्त हुने बजेट |
|---|---|---|---|---|
| १ | तामाखोला भोटेडाँडा सडक मर्मत | ९०००००। | १८००००। | ७२००००। |
| २ | बगरे मालबाँस माल्टेनी सडक मर्मत | ८०००००। | १६००००। | ६४००००। |
| ३ | गैरिटार खुन्द्रुका साकफारा सडक मर्मत | ८०००००। | १६००००। | ६४००००। |
| जम्मा | | २५०००००। | ५०००००। | २००००००। |

**प्रस्ताव नं. १९**

आधरभूत स्वास्थ्य इकाई भवन निर्माणको लागि संघीय सरकारसँग बजेट माग गर्ने सम्वन्धमा ।

**निर्णय नं. १९**

यस माङसेबुङ गाउँपालिका अन्तर्गतका निम्न बमोजिका आधारभूत स्वास्थ्य इकाइहरुको आफ्नो भवन नभएको कारण भाडाको घरबाट संचालन भइरहेको र भाडाको घरबाट संचालन गर्नुपर्दा विभिन्न कठिनाइहरु भइरहेकोले आगामी आ.बं. ०८२।८३ मा कार्यान्वयन हुने गरी आधारभूत स्वास्थ्य इकाई भवन निर्माणको लागि संघीय सरकारसँग निम्न बमोजिमको बजेट माग गर्ने निर्णय गरियो ।

निम्नः

१) आधारभूत स्वास्थ्य इकाई भवन माङसेबुङ वडा नं. ३ का लागि रु ५,००,००,००० ।- (अक्षेरुपी रु पाँच करोड )

२) आधारभूत स्वास्थ्य इकाई भवन माङसेबुङ वडा नं. ४ का लागि रु ५,००,००,००० ।- (अक्षेरुपी रु पाँच करोड )

दिलशेर राई
प्रमुख प्रशासकीय अधि

३) आधारभूत स्वास्थ्य इकाई भवन माङसेबुङ वडा नं. ५ का लागि रु ५,००,००,००० ।- (अक्षेरुपी रु पाँच करोड )

**प्रस्ताव नं. २०**

आत्मापवित्र आधारभूतअस्पताल निर्माणको लागि संघीय सरकारसँग बजेट माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. २०**

यस माङसेबुङ गाउँपालिका क्षेत्रमा संचालन हुने प्रस्तावीत आत्मापवित्र आधारभूत अस्पताल भवन निर्माणको लागि आगामी आ.बं. ०८२।८३ मा कार्यान्वयन हुने गरी संघीय सरकारसँग रु १८,००,००,००० ।- ( अक्षेरुपी रु अठार करोड )बजेट माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१**

आयुर्वेद अस्पताल भवन निर्माणको लागि संघीय सरकारसँग बजेट माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. २१**

यस माङसेबुङ गाउँपालिका क्षेत्रमा संचालित आयुर्वेद अस्पताल भवन निर्माणको लागि आगामी आ.बं. ०८२।८३ मा कार्यान्वयन हुने गरी संघीय सरकारसँग रु ५,००,००,००० ।- (अक्षेरुपी रु पाँच करोड )बजेट माग गर्ने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत